"कृषि, पर्यटन र व्यापार; समृद्ध नमोबुद्धको आधार"

नमोबुद्ध नगरपालिका

नमोबुद्ध नगरपालिका

ནམ་མཁའ་བུདྡ་ནི་ཁྲོན་ཁ

नगर कार्यपालिकाको कार्यालय

भकुण्डेबेशी, काभ्रेपलाञ्चोक

बागमती प्रदेश, नेपाल

०११-४०४०३१
०११-४०४०६८

पत्र संख्याः २०८२/०८३

चलानी नं.: ४८४

मितिः २०८२/०७/१७

ने.सं.: ११४६ कछलाथ्व

श्री सबै सहकारी संस्था तथा वित्तीय संस्थाहरु।

नमोबुद्ध नगरपालिका

विषयः <u>संस्था सूचीकरण प्रमाण पेश गर्ने बारे।</u>

नेपालको संविधान २०७२ को धारा ५७ को अनुसूची ८ अनुसार स्थानीय सरकारलाई आफ्नो क्षेत्रभित्रका सहकारी संस्थाहरूको नियमन, दर्ता, निगरानी र समन्वय गर्ने अधिकार प्रदान गरिएको छ। साथै, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को धारा ११ उपधारा (२) र अनुसूची—८ (संघीय अधिकार बाँडफाँटका आधारमा स्थानीय तहका अधिकार) बमोजिम स्थानीय तहले सहकारी संस्थाहरूको सूचीकरण, अभिलेखीकरण तथा नियमन गर्न सक्ने कानुनी व्यवस्था रहेको छ। सहकारी ऐन, २०७४ को धारा ६१ अनुसार सहकारी संस्था स्थानीय तहसँग सहकार्य गर्दै सञ्चालन हुनुपर्ने र स्थानीय तहको समन्वयमा नीतिगत तथा संस्थागत काम गर्नुपर्ने व्यवस्था गरिएको छ। त्यसैगरी नमोबुद्ध नगरपालिकाको सहकारी स्थापना तथा संचालन सम्बन्धमा ब्यबस्था गर्न बनेको ऐन २०७५को दफा ६(३) उपरोक्त कानुनी व्यवस्थाअनुसार नमोबुद्ध नगरपालिका क्षेत्रभित्र सञ्चालित सबै सहकारी, वित्तीय संस्थाहरुलाई यस नगरपालिकामा सूचीकरण गराउन आवश्यक कागजातहरू सहित सहकारी शाखामा पेश गर्नुहुन अनुरोध छ।

<u>संस्थाले निम्न कागजातहरू पेश गर्नुहुन अनुरोध छः</u>

(१)सहकारी संस्थाको दर्ता प्रमाणपत्रको प्रतिलिपि(२)हालसालैको सञ्चालक समितिको विवरण,

(३)२०८२/०८३ आर्थिक वर्षको व्यवसाय शुल्क बुझाएको प्रमाणपत्र,

(४)विगत आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन(५)कर चुक्ता प्रमाणपत्र

(६)सस्थाको पान नं को प्रमाणपत्र(७)अन्तिम साधारण सभाको प्रतिलिपि

पेश गर्ने म्यादः सुचना प्राप्त भएको मितिले १५ (पन्ध्र) दिनभित्र।

उल्लेखित म्यादभित्र कागजात नबुझाउने सहकारी संस्थाहरूलाई स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार आवश्यक प्रशासनिक कार्यवाही अघि बढाइनेछ।

२०८२।७।१८

.....

(कृष्ण गिरी)

प्रमुख प्रशासकीय अधिकृत

नमोबुद्ध नगरपालिका नगर कार्यपालिकाको कार्यालय

भकुण्डेबेसी,काभ्रेपलाञ्चोक बागमती नेपाल

सूचीकरण फाराम (सहकारी तथा वित्तीय संस्था लागि)

१. संस्था सम्बन्धी विवरण

क. संस्थाको नाम: .....

ख. दर्ता नं.: .....

ग. दर्ता मिति: .....

घ. कार्यालय ठेगाना: वडा नं. ....., टोल: .....

ङ. फोन/मोबाइल नं.: .....

च. इमेल (भएमा): .....

छ. संस्था प्रकार: ☐ बचत तथा ऋण सहकारी ☐ उपभोक्ता सहकारी ☐ बहुउद्देश्यीय सहकारी ☐ वित्तीय संस्था ☐ अन्य (.....)

२. सञ्चालन विवरण

क. सञ्चालन क्षेत्र (नगरपालिका/वडा): .....

ख. कुल सदस्य संख्या: ..... जना

ग. कर्मचारी संख्या: ..... जना

घ. हालसम्मको शेयर पूँजी: रु. .....

ङ. कारोबार मिति अनुसार: आर्थिक वर्ष ..... / .....

३. कानुनी आधार र पालना सम्बन्धी विवरण

क. दर्ता निकाय: सहकारी तथा दर्ता विभाग / प्र.क. कार्यालय .....

ख. नियमन निकाय: .....

ग. सहकारी ऐन २०७४ अनुसार स्थानीय तहमा सूचीकरण अनिवार्य (धारा ६० र ६१ अनुसार)

४. संलग्न कागजातहरू (अनिवार्य)

क्र.सं.	कागजात विवरण	कैफियत
१	संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि	
२	विधान (संविधान) को प्रतिलिपि	
३	नवीनतम वार्षिक प्रतिवेदन (आर्थिक विवरण सहित)	
४	आर्थिक वर्ष २०८२/०८३ सम्मको व्यवसाय शुल्क तिरेको रसिद	
५	हालको कार्यसमिति विवरण	
६	कर/लेखा अडिट प्रतिवेदन	
७	बैंक खाता प्रमाण / प्यान दर्ता प्रमाणपत्र	
८	अन्य सम्बन्धित प्रमाणपत्र (आवश्यक भएमा)	

५. घोषणा

म यस फारममा उल्लेख गरिएको विवरण सत्य, यथार्थ र प्रमाण सहित भएको व्यहोरा प्रमाणित गर्दछु। कुनै गलत विवरण पाइएमा कानुनी कारबाही स्वीकार गर्दछु।

नाम: ..... पद: .....

हस्ताक्षर: ..... मिति: .....

६. कार्यालय प्रयोजनका लागि मात्र

कागजात प्रमाणीकरण गर्ने अधिकृत:

नाम: ..... पद: .....

मिति: ..... सही/छाप: .....